जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि









बर्ष १२ • अंक ३६५ • २०८२ कार्तिक ६ गते विहिवार • 23 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# युवा पुस्तान्तरणमा हौसला भन्दा नैराश्यता बढी

युवाहरू स्वभावैले विद्रोही नै रहन्छन् तर युवा जोशलाई व्यवस्थित र संस्थागत गर्न नसकिएर सेलाउँदै जाने तीनका जोशले युवा पुस्तान्तरणमा हौसला भन्दा नैराश्यता बढी देखिने गरेका छन । नेपाल संवत्लाई उत्सवसँगै मौलिक संवत्को जागरण दिलाउन पछिल्लो २ दशकमा देखिएको युवापुस्ताको जोश फेरि पनि क्षणिक नबनोस् भन्नाका लागि सम्बन्धित निकाय र विशेषतः बृहत् समारोह समितीहरूले युवापुस्तालाई पनि समान व्यवहार र सम्मानित गर्नसक्नुपर्दछ।

युवापुस्ताका प्रतिनिधि संस्थाहरूलाई मात्र भए पनि समेटेर, उनीहरूको योगदानलाई सम्बोधन नगर्ने हो भने विगत केही दशकको अन्तरालमा देखिएको द्रुत सहरीकरण, आर्थिक विचलन र अवसरको कमीका कारण राजनीतिक नैराश्यतातर्फ उन्मुख हाम्रो देशमा परिवर्तनका लागि युवापुस्ताको जोश सदैव उस्तै रहन्छ पनि भन्न सकिन्न। यसतर्फको परिवर्तनका लागि पनि नेपाल संवत्प्रतिको अपनत्व जागरणले सहयोग हुन सक्दछ, नयाँ संस्कृतिको संस्थागत विकास हुन सक्दछ । अन्तमा, शताब्दी पुरुष सत्यमोहन जोशीज्यूसँगको थोरै समय अनुभवका आधारमा अनुभूत गरेको कुरा– संस्कृति पुराना राम्रा प्रचलनको मात्र निरन्तरता हैन, संस्कृति भनेको हाम्रो सामूहिक प्रयासमा स्थापित हुने नयाँ मौलिक बहुजन हितका गतिविधि पनि हुन् । तीनले संस्थागत निरन्तरता पाउन् भने आशा छ।

# राष्ट्रको अगाडि उत्पन्न संकट समाधान खोज्न आफू जस्तोसुकै त्याग, तपस्या र बलिदान गर्न तयार: प्रचण्ड

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ कार्तिक

माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहालले एकता र सहमतिबाट राष्ट्रको अगाडि उत्पन्न संकट समाधान खोज्न आफू जस्तो सुकै त्याग, तपस्या र बलिदान गर्न तयार रहेको बताएका छन्।

'देश यति ठूलो अप्ठ्यारो र संकटको स्थितिमा पहिला कहिले थिएन,' उनले भने,'पटकपटक भएको आन्दोलनमा पनि यति ठूलो विध्वंस कहिल्यै भएको थिएन। सिंहदरबार, सर्वोच्च अदालत खरानी बनाइएको थिएन। धरोहरहरु जलेका थिएनन्।' पहिलो पटक भएको यति ठूलो विध्वंस देख्नु परेकोले संकटको समाधान खोज्न आफू जस्तोसुकै त्याग, तपस्या र बलिदान गर्न तयार रहेको दाहालले बताए। महोत्तरीको रामगोपालपुरमा



बुधबार पार्टीले आयोजना गरेको सभालाई सम्बोधन गर्दै दाहालले कुनै हिचकिचाहट र दुविधा नराखी सम्पूर्ण राष्ट्र एकजुट भएर घोषित मितिमा नै निर्वाचन गरी नयाँ प्रतिनिधिसभा हुँदै जेन-जी युवाहरु र आमजनताको असन्तुष्टि सम्बोधन हुने गरी संविधान संशोधन गर्नु पर्ने माओवादीले अपिल गरेको बताए। 'मैले मधेशी जनतालाई भरोसा गरेर, मधेशी जनतालाई विश्वास गरेर सहयोगका लागि अपिल गर्न मधेश आउने गरेको छु,' उनले भने,'माओवादी केन्द्र विभाजित भएको बेला मधेश प्रदेशबाट निर्वाचित भएर दोस्रो पटक प्रधानमन्त्री बन्ने अवसर प्राप्त भयो। म मधेशको ऋणी छु। प्रत्येक अप्ठ्यारो परिस्थितिमा मधेश र मधेशी जनतालाई भरोसा गरेर नै अगाडि बढ्ने गरेको छु।'

जेन-जी आन्दोलनले पैदा गरेको नयाँ परिस्थितिमा काठमाडौं छोडेर पहिलो पटक बाहिर मधेश प्रदेशको महोत्तरीमा आएर संवाद गर्न पाउँदा उर्जा प्राप्त भएको उनले बताए । 'राष्ट्रिय शक्तिहरुबीच सहमति र समझदारी आवश्यक छ,' सभामा सम्बोधन गर्दै दाहालले भने,'सबैभन्दा पहिले त हाम्रो पार्टीभित्रै राम्रो एकताको आवश्यक छ। देशभित्रका सबै वामपन्थी र कम्युनिष्टहरुको बीचमा सहमति र समझदारीको आवश्यकता छ। सबै शक्ति एक हुनुको विकल्प छैन।' राष्ट्रको रक्षा र मुलुकमा उत्पन्न संकटको सामना गर्न सबैलाई एकजुट हुन माओवादीले नै पहिले अपिल गरेको छ,' उनले भने।




# क्षेत्रीय स्तरीय खुल्ला नृत्य प्रतियोगिता २०८२



जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ कार्तिक

बटेश्वर गाउँपालिका-३ मा जनचेतना युवा क्लबको आयोजनामा क्षेत्रीय स्तरीय खुल्ला नृत्य प्रतियोगिता २०८२ हुने भएको छ। दीपावली तथा छठ पर्वको अवसरमा आगामी कार्तिक ७ गते शुक्रबार साँझदेखि नृत्य प्रतियोगिता हुन लागेको हो।

उक्त प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने समूहका लागि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ। क्लबका अध्यक्ष मुकेश साहका अनुसार पहिलो हुने टोलीलाई नगद ३१ हजार रुपैयाँ, शिल्ड र प्रमाणपत्र प्रदान गरिनेछ। दोस्रो हुने टोलीले नगद २१ हजार रुपैयाँसहित शिल्ड र प्रमाणपत्र प्राप्त गर्नेछ।

सहभागी टोलीका नृत्यकर्तामध्ये एक जनालाई 'बेस्ट डान्सर अवार्ड' पनि प्रदान गरिने अध्यक्ष साहले बताए। कार्यक्रममा सहभागिताका लागि सम्पूर्ण नृत्य टिम तथा कलाप्रेमीहरूलाई आयोजक क्लबले आह्वान गरेको छ।

## तपाईको टुडे

मेष: आम्दानी हुने
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक चिन्ता
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ब्राजिलका पूर्वराष्ट्रपतिसहित सात जनालाई १७ वर्ष जेल सजाय

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ कार्तिक



ब्राजिलको सर्वोच्च अदालतले पूर्व राष्ट्रपति जाइर बोल्सोनारोको नेतृत्वमा भएको विद्रोह प्रयाससम्बन्धी मुद्दामा सात जनालाई मङ्गलबार १७ वर्षसम्मको जेल सजाय सुनाएको छ। यसअघि सेप्टेम्बरमा अदालतले सन् २०२२ को चुनावमा वामपन्थी नेता लुइज इनासियो लुला दा सिल्भासँग पराजित भएपछि भएको असफल कू प्रयासमा बोल्सोनारोलाई दोषी ठहर गर्दै २७ वर्षको कैद सजाय सुनाएको थियो। त्यसै मुद्दामा उनका सातजना वरिष्ठ पूर्व सहयोगीहरू पनि दोषी ठहरिएका थिए। यो प्रकरणले वासिङ्टनसँग कूटनीतिक तनाव सिर्जना गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्राजिलका अधिकारीहरूले आफ्ना पुराना सहयोगी बोल्सोनारोविरुद्ध 'राजनीतिक प्रतिशोध साँध्ने' काम गरिरहेको आरोप लगाउँदै ब्राजिलका उत्पादनमा उच्च भन्सार शुल्क लगाएको दाबी गरेका छन्। मङ्गलबारको फैसलामा अदालतले एक सङ्घीय प्रहरी अधिकारी, पाँच जना सैनिक र स्वतन्त्र चुनावी लेखापरीक्षण संस्थानका अध्यक्षलाई इलेक्ट्रोनिक मतदान प्रणालीबारे गलत सूचना फैलाएको अभियोगमा दोषी ठहर गरेको न्यायाधीश अलेक्जान्ड्रे डे मोरेसले बताए।

# 'शक्ति शालिनी' मा कियरा आउट, अनित पड्डा इन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ कार्तिक




मोहित सूरीको चलचित्र 'सैयारा' बाट बलिउडमा डेब्यु गरेकी अनित पड्डाको भाग्योदय भएको छ। 'सैयारा' ले उनलाई रातारात स्टार बनायो र अहिले उनका लागि फिल्महरूको लाइन लागिरहेको छ ।

अब त उनले 'शक्ति शालिनी' नामक फिल्ममा कियरा आडवाणीलाई समेत विस्थापित गरेकी छिन्। हालै रिलिज भएको 'थामा' फिल्मको टिजरमा उनलाई 'शक्ति शालिनी' को हिस्साको रूपमा देखाइएको छ ।

यो देखेर फ्यानहरू उत्साहित भएका छन् । अन्ततः श्रद्धा कपूर र शर्वरी वाघपछि अनित पड्डाको म्याडक फिल्म्सको हरर कमेडी युनिभर्समा प्रवेश भएको छ। यो फिल्म श्रद्धा कपूर र राजकुमार रावको 'स्त्री २' पछिको म्याडक हरर कमेडी युनिभर्सको अर्को फिल्म हो। 'शक्ति शालिनी' को टिजर 'थामा' फिल्म सुरु हुनुअघि थिएटरहरूमा देखाइएको थियो। टिजरमा अनित पड्डालाई मुख्य कलाकारको रूपमा परिचय गराइएको छ । स्क्रिनमा लेखिएको थियो, 'रक्षक। विध्वंसक। सबकी माँ । 'शक्ति शालिनी' मा अनित पड्डा। फिल्म २४ डिसेम्बर, २०२६ मा रिलिज हुनेछ ।'

# यूरो र पाउण्ड घट्यो, अमेरिकी डलर स्थिर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ कार्तिक




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको भाउ स्थिर रहँदा युरोपियन यूरो र युके पाउण्ड स्ट्रलिङको भाउ घटेको छ ।

राष्ट्र बैंकका अनुसार, अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ३९ पैसा र बिक्रीदर १४० रुपैयाँ ९९ पैसा तोकिएको छ। यस्तै, युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ १३ पैसा र बिक्रीदर १६३ रुपैयाँ ८३ पैसा तथा युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८७ रुपैयाँ ९८ पैसा र बिक्रीदर १८८ रुपैयाँ ७९ पैसा कायम गरिएको छ ।

अन्य मुद्रातर्फ, स्वीस फ्रयाङ्क एकको खरिददर १७६ रुपैयाँ ७२ पैसा र बिक्रीदर १७७ रुपैयाँ ४८ पैसा, अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ १८ पैसा र बिक्रीदर ९१ रुपैयाँ ५७ पैसा तथा क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ९६ पैसा र बिक्रीदर १०० रुपैयाँ ३९ पैसा निर्धारण भएको छ। केन्द्रीय बैंकका अनुसार, जापानी येन १० को खरिददर नौ रुपैयाँ २४ पैसा र बिक्रीदर नौ रुपैयाँ २८ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ७२ पैसा र बिक्रीदर १९ रुपैयाँ ८१ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ४३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५९ पैसा र भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा रहेको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुन सक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।

# काभा कप पुरुष भलिबल: तुर्कमेनिस्तानसँग नेपाल सोझो सेटमा पराजित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ कार्तिक



बंगलादेशमा आजदेखि सुरु भएको काभा कप फर मेन (काभा कप पुरुष) भलिबल प्रतियोगिताको पहिलो खेलमै नेपाल पराजित भएको छ। ढाकास्थित इन्डोर हलमा आज बिहान भएको खेलमा नेपाल तुर्कमेनिस्तानसँग सोझो सेटमा पराजित भएको हो।

अन्तर्राष्ट्रिय भलिबलमा कम अनुभवी र नयाँ खेलाडीहरु रहेको नेपाली टिममा अनुभवको कमी देखिँदा पहिलो खेलमै पराजित भएको हो। तुर्कमेनिस्तानले नेपाललाई २५-२२, २५-१८, २७-२५ ले हरायो। पहिलो सेटमा २२-२२ को स्थितीमा तुर्कमेनिस्तानले लगातार तीन अंक जोड्दै सेट आफ्नो पक्षमा पारेर अग्रता लिएको थियो। दोस्रो सेट सहजै २५-१८ ले आफ्नो पक्षमा पारेपछि तुर्कमेनिस्तानले २-० को अग्रता बनायो। तेस्रो सेटमा नेपालले सुरुवात देखि राम्रो अग्रता बनाएको थियो। एक समयमा २१-१६ को अग्रता बनाएको नेपालले त्यसलाई कायम राख्न सकेन। तुर्कमेनिस्तानले उत्कृष्ट पुनरागमन गर्दै २२-२२ मा बराबरी गरेपछि तेस्रो सेट २४-२४ हुँदै टाईब्रेकमा पुगेको थियो र तुर्कमेनिस्तानले २७-२५ ले आफ्नो पक्षमा पारेको हो।

नेपालले दोस्रो खेलमा बिहीबार घरेलु टोली बंगलादेशसँग खेल्नेछ। ५ खेलाडीको डेब्यु: यस पटक नेपाली टोलीमा ८ नयाँ खेलाडी समावेश थिए। जसमध्ये पहिलो खेलमै ५ खेलाडीले अन्तर्राष्ट्रिय खेलमा डेब्यु गर्ने अवसर पाए। रविन नगरकोटी, पहल गहतराज र सन्तोष राईले पहिलो सेटमा पहिलो रोजाइँमै खेल्दै डेब्यु गरेका थिए। यस्तै दोस्रो सेटमा सुनिल बोहराले पहिलो रोजाइँमा खेल्दै डेब्यु गरे । दोस्रो सेटमै अर्जुन नेपालले रविन नगरकोटीलाई रिप्लेस गर्दै सिनियर टोलीमा डेब्यु गरे। अर्जन यू२० टोलीका कप्तान हुन्।







# ‘बराबर अधिकार बराबर सम्मान’ का लागि युवाको पहल

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ कार्तिक

सामाजिक र राजनीतिक विभेद अन्त्य गर्नका लागि शिक्षामा पहुँच बढाउनुपर्नेमा समाजका अगुवाहरुले जोड दिएका छन् । धनुषाको मिथिलाबिहारी नगरपालिका-१० ठेरामा बुधबार आयोजित बराबर अधिकार बराबर सम्मान कार्यक्रममा समाजका अगुवाहरुले शिक्षाको विकासमा जोड दिएका हुन् ।




दशकौदेखि विभेदमा परेका मधेशको विकासमा शिक्षा अवरोध बनेको तर्क उनीहरुको थियो । कार्यक्रममा मिथिलाबिहारी नगरपालिकाका नगरप्रमुख राजेन्द्र यादवले सामुदायिक विद्यालयको सिकाई उपलब्धी कमजोर बन्दै गएको जिकिर गर्दै शिक्षामा सुधारका लागि सबै पक्ष जिम्मेवार हुनुपर्ने तर्क गरे । पढ्ने युवाहरु विदेशिएका छन्, उनले भने-यहाँ रहेका युवाहरु विसंगतिमा फसेका छन् । विद्यालयमा अव संरचना र शिक्षाको अभाव छैन्, उनले भने- विद्यार्थी नियमित हुनुपर्छ ।

वडा नं. १० का वडाध्यक्ष ललितनारायण झा, ई. रामनाथ यादव र इनरजीत यादवको सहयोगमा Yes Together We Can ले आयोजना गरेको सो कार्यक्रममा उनले मधेशले प्राप्त गरेको अधिकारको समेत उपयोग गर्न नसकेको बताउँदै यसतर्फ सजग हुनुपर्नेमा जोड दिए । समाजमा बढ्दो नकारात्मक सोचप्रति चिन्ता व्यक्त गर्दै नगरप्रमुख यादवले नकारात्मक सोचले समाजमा विकृति फैलाईरहेकाले यसप्रति सबैलाई सचेत गराए । सो अवसरमा वडा नं. १० का वडाध्यक्ष झाले शिक्षाको स्तरवृद्धि गर्नका लागि अभिभावकलाई सचेत हुनका लागि आग्रह गरे । विद्यार्थी विद्यालय गएको छ/छैन, कहाँ जान्छ, के गर्छ ? यसबारे अभिभावकले चासो राख्नुपर्ने तर्क वडाध्यक्ष झाको थियो । शिक्षा क्षेत्रको विकासका लागि आफूहरुले वडा र पालिकास्तरबाट पनि बजेट विनियोजन गर्दै आएकाले अव शिक्षक र कक्षाकोठाको अभाव नरहेको उनले दावी गरे ।

Yes together we can का कार्यक्रम संयोजक शिवकुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय समाजसेवी बुधेश्वर यादवले अभिभावकले आफै आफ्नो बालबालिकालाई सुधार्न नसकेको भन्दै यसको परिणाम स्वरुप बालबालिका कुलतमा फसिरहेको बताए । बालबालिकाप्रति अभिभावकले चासो नलिदा शिक्षाको अवस्था दिनानुदिन कमजोर बन्दै गएको उनले थपे । समाजमा विकृति फैलाउने कार्यमा संलग्न बालबालिकाबारे अभिभावक जानकार भएर पनि अनभिज्ञ रहेको जस्तो गर्दा समाजमा अहिले विभिन्न समस्याहरु देखा परेको यादवको भनाई थियो । समाज शिक्षित नभएसम्म अधिकार र सम्मानको अपेक्षा गर्न नसकिने भएकाले सबै पक्षले शिक्षाको विकासमा लाग्नुपर्ने धारणा यादवले व्यक्त गरे । स्थानीय रामसेवक दासले विभेद अन्त्य गरेर सभ्य समाज निर्माण गर्नुपर्नेमा जोड दिए । मधेशमा जातीय विभेद र देशमा राजनीतिक विभेदले मधेशी समुदाय पछाडी परेको तर्क उनको थियो । कार्यक्रममा प्रमोद कुमार यादवले सामाजिक विकृति र विसंगति विरुद्ध सामूहिक प्रयासको आवश्यक्ता औंल्याए । स्थानीय युवा रंजितकुमार यादवले संचालन गरेको कार्यक्रममा शिवकुमारले शिक्षाको विकास गरेर समाजिक विकृतिको अन्त्य गर्नुपर्ने बताए । शिक्षित समाजको परिपल्पना गरेर अघि बढ्न उनले जनप्रतिनिधिहरुमा पनि आग्रह गरेका थिए । उज्यालोयात्रा ईगलिश बोर्डिङ स्कुल प्रांगनमा भएको कार्यक्रममा आयोजक संस्थाका उपाध्यक्ष मुकेश साह र सदस्य युवराज मुखियाले प्रस्तुतिकरण गरेको कार्यक्रममा कार्यपालिका सदस्यद्वय अनिता यादव, चन्दरदेवी यादव लगायत अतिथिहरुलाई मायाको चिनोले सम्मान गरिएको थियो ।

# जलेश्वरमा टाइगर बसमा अचानक आगलागी, मानवीय क्षति नभएको पुष्टि

जलेश्वरटुडे समाचारदाता
जलेश्वर, ५ कार्तिक

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-६, साहुजी पट्टि स्थित वडा कार्यालय नजिकै दिउँसो रोकिराखिएको यात्रुबाहक बसमा अचानक आगलागी भएको छ ।



आगलागीमा परेर क्षति पुगेको उक्त बस महोत्तरी टाइगर नामक कम्पनीअन्तर्गत राम बाबु नायकको स्वामित्वमा रहेको प्रदेश ३-०१-००६ ख ०७४४ नम्बरको बस रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दिएको छ । घटना अन्दाजी १२:५५ बजे तिर भएको हो ।

आगो लागेको खबर पाएलगत्तै जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक हेरम्ब शर्माको नेतृत्वमा २० जना प्रहरी, सशस्त्र प्रहरी बल गण नं. ९ का सप्र उपरीक्षक शेर बहादुर अधिकारीसहित २२ जना सशस्त्र प्रहरी, नेपाली सेनाको गोरखनाथ गणबाट सेनानी रामप्रसाद लामिछाने नेतृत्वमा २० जना सैनिक र जलेश्वर नगरपालिकाको दमकल टोली घटनास्थलमा परिचालित भएको थियो । सहकार्यमा गरिएका प्रयासपछि करिब १३:३० बजे आगो पूर्ण रूपमा नियन्त्रणमा आएको थियो ।

हालसम्म आगलागीको कारण खुल्न सकेको छैन भने घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यस घटनामा कुनै मानवीय क्षति नभएको पुष्टि गरिएको छ । यद्यपि बस आंशिकरूपमा जलेर क्षतिग्रस्त भएको बताइएको छ ।




**मधुमेह (डायबिटिज) रोगबाट बचौं ।**

**मधुमेहले,**
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

**त्यसैले मधुमेहबाट बच्न,**
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं ।
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड










प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday